
# उपनिर्वाचन अनुगमन प्रतिवेदन

## २०७६ मङ्सिर १४




मानव अधिकार र सामाजिक न्यायका निम्ति

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

नागार्जुन नपा-१०, स्यूचाटार, पत्र मञ्जुषा : २७२६ काठमाडौँ

टेलिफोन : ०१-५२१८७७०, फ्याक्स : ०१-५२१८२५१

इमेल : prachi@insec.org.np, वेबसाइट : www.inse.org.np; www.inseconline.org

# निर्वाचन अनुगमन प्रतिवेदन

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले गत मङ्सिर १४ गते सम्पन्न भएको प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहको उपनिर्वाचनको अनुगमन आफ्ना प्रतिनिधि तथा प्रदेश कार्यालयहरूमार्फत गर्‍यो । निर्वाचन आचारसंहिता लागु भएदेखि निर्वाचन सम्पन्न भई मत परिणाम प्राप्त नहुञ्जेलसम्मका निर्वाचनसँग सम्बन्धित गतिविधिहरूको इन्सेकले अनुगमन गरी अभिलेख राखेको छ ।

आवधिक निर्वाचन लोकतन्त्रको आधारशीला हो । आवधिक निर्वाचनले मतदातालाई आफूले रुचाएका राजनीतिक दल र आफूलाई मन परेको प्रतिनिधि छान्ने अवसर प्रदान गर्छ भने राजनीतिक दलहरूलाई आफ्ना नीति जनतासम्म पुर्‍याउन र जनताबाट अनुमोदित हुन सघाउँछ । यो उपनिर्वाचनले राजनीतिक दलको लोकप्रियता मापनका लागि पनि महत्वपूर्ण अवसर समेत प्रदान गरेको थियो ।

निर्वाचन स्वच्छ, निष्पक्ष र भयरहित हुन सक्यो भने मात्रै निर्वाचनको महत्व बढ्छ । निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, पारदर्शी र विश्वसनीय ढङ्गबाट सम्पन्न गर्न सरोकारवालाले पालना गर्नुपर्ने आचरणलाई व्यवस्थित गर्न निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी आयोगले २०७६ कात्तिक ८ गतेदेखि लागु हुने गरी आचारसंहिता जारी गरेको थियो । आचारसंहिताको पालना गर्ने जिम्मेवारी राजनीतिक दलहरूको हुन्छ भने परिपालना गराउने मुख्य दायित्व निर्वाचन आयोगको हुन्छ । यो उपनिर्वाचनका क्रममा आचारसंहिता उल्लङ्घनका समाचारहरू प्रकाशन भए ।

आचारसंहिता विपरीत काम भए कारबाही गर्ने अधिकार कानुनले निर्वाचन आयोगलाई प्रदान गरेको भए पनि त्यसको कार्यान्वयन पक्ष असाध्यै फितलो पाइयो । आचारसंहिता विपरीत गतिविधि भए उजुरी गर्ने व्यवस्था भए पनि छानबिन र दोषीलाई कारबाही गर्ने कार्यमा आयोग निरीहजस्तै देखियो । आयोग सशक्त ढङ्गले क्रियाशील हुने हो भने आचारसंहिता कार्यान्वयन प्रभावकारी हुन सक्छ । यसले निर्वाचन निष्पक्ष ढङ्गले सम्पन्न हुने वातावरण तयार गर्छ र निर्वाचनको विश्वसनीयता पनि बढाउँछ । राजनीतिक दलहरू पनि आचारसंहिताका सन्दर्भमा इमान्दार बन्नुपर्छ । सरकार र राजनीतिक दलहरूको इमान्दारिताले नै निर्वाचनलाई मर्यादित बनाउँछ ।

निर्वाचनअघि स्वतन्त्र र निष्पक्ष निर्वाचन गर्ने प्रमुख दायित्व बोकेको निर्वाचन आयोगको सक्रियताले मात्रै निर्वाचन आचार संहिताको पूर्ण पालना हुन्छ । त्यसैले आचारसंहिता कडिकडाउ रूपमा पालना गराउने सम्बन्धमा निर्वाचन आयोग मौन बस्न मिल्दैन, बस्न हुँदैन । स्वतन्त्र, धाँधलीरहित र भयरहित निर्वाचनले लोकतन्त्रलाई बलियो बनाउन मद्दत गर्छ । आचारसंहिताको पूर्ण परिपालना गरियो भने मात्रै स्वच्छ निर्वाचन सम्पन्न गर्न सकिन्छ । आयोगको उदासिनता, राजनीतिक दलको निर्वाचन आचारसंहिता उल्लङ्घन गर्ने प्रवृत्ति यससन्दर्भमा ख्याल गर्नुपर्ने विषयहरू हुन् ।

## आयोगबाटै आचारसंहिताको उल्लङ्घन

छिन्नमस्ता गाउँपालिका-६ को वडा अध्यक्ष पदका लागि उम्मेदवारी दर्ता गर्ने क्रममा मुख्य निर्वाचन अधिकृतको कार्यालयले नै निर्वाचन आचारसंहिता उल्लङ्घन गऱ्यो। कात्तिक २७ गते विद्यालय परिसरमा मनोनयन दर्ता गर्ने कार्यक्रम राखेर आयोगबाट नै आचारसंहिताको उल्लङ्घन गरेको पाइयो । निर्वाचन प्रकृयाहरू सुरू गर्न छिन्नमस्ता गाउँपालिका-३ स्थित भुपेन्द्रनारायण संस्कृत माध्यमिक विद्यालयमा मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना गरेसँगै आचारसंहिता उल्लङ्घन भएको हो। निर्वाचन आयोगले स्थानीय तहका उम्मेदवारहरूको उम्मेदवारी मनोनयनका लागि बिहान १० बजेदेखि दिउँसो १ बजेसम्मको समय तोकेको थियो। विद्यालयमा पढाइ सुरू हुनासाथ पालैपालो आएका उम्मेदवारहरूको टोलीको नाराजुलुशका कारण विद्यार्थीहरुको पठनपाठन अवरूद्ध भएको वडा नम्बर ३ का वडा सदस्य सदिक मियाँले बताए । 'शान्तिपूर्ण रूपमा मनोनयन होला भनेर विद्यालय विदा गरेनौं ।'-प्रधानाध्यापक लालबहादुर मण्डलले भने-'उम्मेदवारहरुको नाराजुलुशले पठनपाठन पूर्ण रूपमा प्रभावित भयो ।' कक्षा १० सम्म पठनपाठन हुने जिल्लाको एक मात्र संस्कृत विद्यालयमा ६ सय १५ विद्यार्थी अध्ययनरत छन्। विभिन्न राजनीतिक दलका उम्मेदवारहरू नाराजुलुससहित विद्यालय परिसरमा रहेको निर्वाचन अधिकृतको कार्यालयमा पुगेपछि उनीहरूको होहल्लाले गर्दा शिक्षकहरू पटक-पटक पढाउन बन्द गर्थे भने विद्यार्थीहरू जुलुश हेर्न कक्षाकोठा बाहिर बरण्डामा निस्कन्थे । यसैगरी निर्वाचनको सुरक्षाका लागि दिनभरी विद्यालय परिसरमा तैनाथ रहेका हतियारसहितका सशस्त्र प्रहरीहरूलाई देखेर विद्यार्थीहरूमा मानसिक असर परेको अभिभावकहरूले गुनासो गरे ।

*(यस सम्बन्धी फोटोहरू इन्सेकको अभिलेखमा छ ।)*

### निर्वाचन आचारसंहिता उल्लङ्घनका घटना शीर्षक र घटना सङ्ख्या

| आरोपित पक्ष | कुटपिट | बहिष्कार | बालबालिका | भोजभतेर | माइकिङ | विष्फोट | सरूवा | सार्वजनिक पद | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| जनप्रतिनिधि | | | | | | | | ५ | | ५ |
| निर्वाचन कार्यालय | | | ५ | | | | | | | ५ |
| राजनीतिक दल | ८ | | २ | १ | १ | | | | ३ | १५ |
| स्थानीय तह | | | | | | | १ | | | १ |
| अन्य | | १ | | | | २ | | | ३ | ६ |
| **जम्मा** | ८ | १ | ७ | १ | १ | २ | १ | ५ | ६ | ३२ |

## उपनिर्वाचनका क्रममा पाइएका तथ्यहरू

- केही मतदान केन्द बाहेक प्राय: सबै मतदान केन्द्रमा मतदान बिहान ७ बजे सुरू भई बेलुकी ५ बजे भित्र सम्पन्न भएको थियो ।
- शान्ति सुरक्षाको अवस्था मजबुत रहेको पाइयो । विगतका निर्वाचनमा जस्तो ग्रामीण भेगमा मतदाताले पूर्ण सुरक्षा अनुभव नगरेको र डराएर मतदानमा भाग नलिएको अवस्था यो पटक रहेको थिएन । सुरक्षा संयन्त्रको भरपर्दो उपस्थिति रहेको पाइयो ।
- निर्वाचन बिथोल्ने अभिप्रायाले गण्डकी प्रदेश अन्तर्गत प्रतिनिभिसभा क्षेत्र नं. २ को सांसदका लागि भएको उपनिर्वाचनमा पोखरा महानगरपालिका- ९ नयाँ बजारमा रहेको नवप्रभात मावि, सोही महानगरपालिका-१६ स्थित शान्ति मावि, सोही मनपा-३३ भरतपोखरीमा रहेको सरस्वती टिका मावि र सोही मनपा-१६ चण्डिका आधारभूत विद्यालय  मतदान केन्द्र नजिकै बम विष्फोट गराई केही समय मतदान रोकिएको र पुन: सुचारु भई मतदाताले यस्ता अवरोधलाई वास्ता गरेको पाइएन ।
- शहरी क्षेत्रमा भन्दा विकट जिल्ला तथा ग्रामीण क्षेत्रमा मतदाताको उल्लेख्य तथा उत्साहपूर्ण सहभागिता देखिए पनि रोल्पा जिल्ला थवाङ गाउँपालिका १ को वडाअध्यक्ष पदमा भएको चुनावमा सबैभन्दा कम सङ्ख्यामा मतदान भएको पाइयो ।
- अछाम जिल्ला स्थित मेल्लेख गाउँपालिका-५ को वडा अध्यक्षका लागि भएको चुनावमा मतदान सम्पन्न भई मतगणनाका लागि राजनीतिक दलको बैठक बस्ने तयारी भइरहेको अवस्थामा अनेरास्ववियुका नेता गम्भीरसिंह साउदमाथि नेपाली कांग्रेसका कार्यकर्ताले टाउकोमा हतियार प्रहार गरी गम्भीर घाइते बनाए । आक्रमण पश्चात् सुरक्षा नभएको भन्दै मेल्लेख प्रहरी चौकीमा समेत भीडले आक्रमण गरेको थियो । स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले केही राउण्ड अश्रुग्यास समेत प्रहार गरेको थियो ।
- हुम्ला जिल्ला खार्पुनाथ गाउँपालिका-४ छिप्रामा मतदान गर्ने क्रममा नेपाली कांग्रेसका कार्यकर्ताहरुले सोही गाउँपालिका-४ लेख गाउँका जर्नेल जेठारालाई कुटपिट गरे । मतदानको क्रममा बिहान साढे नौ बजेको समयमा एक जना मतदाताले मत हाल्न नजानेपछि सहयोग गर्न खोज्दा आफूमाथि कांग्रेसका कार्यकर्ताले कुटपिट गरेको उनले बताए । कुटपिट पछि सो मतदान केन्द्रमा करिब ३० मिनेट मतदान प्रक्रिया रोकिएको थियो ।
- मतदाता शिक्षा प्रभावकारी भएको पाइएन ।
- निर्वाचन आयोगले गरेको निर्वाचन तयारी भरपर्दो रहेको पाइयो । मतदान केन्द्र, मतपेटिका, मतपत्र, कर्मचारी, स्वयम्सेवक तथा सुरक्षा निकायको व्यवस्थापन गर्न निर्वाचन अयोग सक्षम रहेको पाइयो ।
- मतपेटिका सङ्कलन तथा ढुवानी व्यवस्था प्रभावकारी रहेको पाइयो ।
- मतदान तथा मतगणनास्थलमा सञ्चारकर्मी तथा पर्यवेक्षकको सहज पहुँच रहेको थियो ।
- निर्वाचन आयोगको कार्य प्रभावकारी रहे पनि जिल्लामा केही समस्याहरू देखिए । निर्वाचनको दिन सवारी पास, पर्यवेक्षकसँगको व्यवहार, मतदाता परिचय पत्र वितरण तथा मतदानकेन्द्रको व्यवस्थापनमा समस्या देखिए ।

## आचारसंहिता परिपालना गराउन उदासीन आयोग

उपनिर्वाचनका क्रममा निर्वाचन आचारसंहिता विपरीतका गतिविधिहरू भएको भन्दै निर्वाचन आयोगमा २० ओटा उजुरीहरू दर्ता भएपनि समयमा नै फर्स्योट भएनन् । निर्वाचनमा सहभागी दलहरूबाट उम्मेदवार र उनीहरूका समर्थकहरूले आचारसंहिताको अवज्ञा भएको भन्दै उजुरी दर्ता भएको र परेका उजुरीहरूमाथि छानविन चलिरहेको निर्वाचन हुने अघिल्लो दिन आयोगका प्रवक्ता राजकुमार श्रेष्ठले बताए । आयोगमा दर्ता भएका मध्ये १४ ओटा सामाजिक सञ्जालको प्रयोग गरी आचारसंहिता उल्लङ्घन भएको र बाँकी ६ ओटा हातपात, सरकारी साधन स्रोतको दुरूपयोग, पदीय मर्यादा विपरीत प्रचारप्रसारमा सहभागी भएको लगायतका उजुरीहरू रहेको प्रवक्ता राजकुमार श्रेष्ठले जानकारी दिए । यस्ता उजुरीमाथि यथा समयमा कारवाही नगर्ने हो भने चुनावपछि उजुरीप्रति स्वयम् उजुरीकर्ताकै चासो हुँदैन ।

## लागु नभएको आचारसंहिता

निर्वाचन आचारसंहिता, २०७२ ५ (ख) को ८ मा नेपाल सरकार वा प्रदेश सरकारको मन्त्रीले निर्वाचनको लागि राजनीतिक दलले सञ्चालन गर्ने कार्यक्रममा भाग लिँदा सरकारी सवारी साधनको प्रयोग गर्न नपाउने उल्लेख छ । सोही आचारसंहिताको परिच्छेद ३ को ६ मा भने नेपाल सरकारका मन्त्री वा सार्वजनिक पद धारण गरेका व्यक्तिले कुनै उम्मेदवार वा राजनीतिक दलको पक्ष वा विपक्षमा प्रचारप्रसार गर्नु हुँदैन भनिएको छ । पक्ष वा विपक्षमा प्रचार गर्नै नहुने हो भने सरकारी सवारी साधन प्रयोग गर्न हुँदैन भनी उल्लेख गरिएबाट आचारसंहिता नै अश्पष्ट र कामविहीन बन्न पुगेको छ । हाम्रोजस्तो राजनीतिक परिपाटी भएका मुलुकमा राजनीतिक दलका नेताहरू नै सार्वजनिक पद धारण गर्ने ठाउँमा हुनाले तत्‌तत् व्यक्तिको सहभागिता कुन तहको भनी छुट्याउन नै कठिन हुने हुँदा पूर्व प्रधानमन्त्रीहरू, बहालवाला मन्त्री तथा सांसदहरू मत माग्न गएका घटनाका बारेमा आयोगले नदेखे झैं गऱ्यो । तसर्थ यस्ता कामविहीन बुँदाले आचारसंहिता पालनामा कुनै अर्थ राखेको पाइएन ।

## सुझाव तथा सिफारिसहरू

निर्वाचन शान्तिपूर्ण, स्वच्छ, स्वतन्त्ररूपमा सम्पन्न भयो । नेपाल सरकार, निर्वाचन आयोग, स्थानीय तथा सम्बन्धित सम्पूर्ण सरोकारवाला व्यक्ति तथा निकायहरूले निम्न कुराहरूमा सुधार गर्नुपर्ने देखिन्छ ।

**१. निर्वाचन आयोग नेपाललाई सुझाव**

- मतदाता शिक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्ने । शिक्षित भन्दा अशिक्षितलाई लक्षित गरी कार्यक्रम तय गरिनुपर्ने ।
- मतदान प्रकृयालाई डिजिटलाइज्ड गरिनुपर्ने ।
- मतदाता परिचय-पत्र सबैले समयमै पाउने व्यवस्था मिलाउनुपर्ने ।
- मतदाता शिक्षालाई प्रभावकारी बनाउनु पर्ने ।
- मतपत्रको गुणस्तरमा सुधार गर्नुपर्ने ।
- मतदाता परिचय पत्र बिना मतदान गर्न नपाइने व्यवस्था हुनुपर्ने ।
- सरोकारवाला गैरसरकारी सङ्घसंस्थाहरूसँग समन्वय गरी मतदाता शिक्षा कार्यक्रम चलाउनु पर्ने ।
- निर्वाचन आचारसंहिता उल्लङ्घनकर्तालाई कारबाहीको दायरामा ल्याउनुपर्ने ।
- भड्किलो चुनाव खर्चमा कमी ल्याउन राजनीतिक दलहरूको चुनावी खर्चको व्यवस्थापन निर्वाचन आयोगले गर्ने

**राजनीतिक दलहरूलाई सुझाव**

- आचारसंहिताको पूर्ण परिपालना गर्ने ।
- निर्वाचनसम्बन्धी कार्यक्रमहरू विद्यालयमा नगर्ने प्रतिवद्धताको पूर्ण परिपालना गर्ने ।
- निर्वाचन खर्च मितव्ययी बनाउने ।

**पर्यवेक्षक तथा पर्यवेक्षण गर्ने संस्थाका लागि सुझाव**

- पर्यवेक्षकहरूलाई अभिमुखीकरण तालिममा अनिवार्य सहभागी गराउने ।
- आचारसंहिताको परिपालनामा ध्यान दिने ।
- निर्वाचन आयोगले गरेको निर्णय तथा निर्वाचनसँग सम्बन्धित ऐन कानुनका बारेमा जानकार हुनुपर्ने ।

*२०७६ मङ्सिर २० गते*

* * *